**प्रस्तावहरु :**

**प्रस्ताव नं. १** : वहुक्षेत्रीय पोषण कार्यक्रम स्वीकृत तथा पोषणमैत्री कार्यक्रम कार्यान्वयन सम्वन्धमा ।

**प्रस्ताव नं. २** : वार्षिक कृषि विकास कार्यक्रम सम्वन्धमा ।

**प्रस्ताव नं. ३** : वार्षिक पशु विकास कार्यक्रम सम्वन्धमा ।

**प्रस्ताव नं. ४** : सम्पत्ती कर प्रणाली कार्यान्वयनको लागि स्वयमसेवक/परिचालक छनौट सम्वन्धमा ।

**प्रस्ताव नं. ५** : प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना सम्वन्धमा ।

**प्रस्ताव नं. ६** : खेलकूद पूर्वाधार निर्माणको लागि प्रस्ताव पेश गर्ने सम्वन्धमा ।

**प्रस्ताव नं. ७** : कट्टी खोलाबाट ढुङ्गा, गिट्टी, वालुवा संकलन तथा विक्री गरी आय संकलन गर्ने सम्वन्धमा ।

**निर्णय नं. १ :**

यस भगवतीमाई गाउँपालिकाको आ.व. २०७७।०७८ को लागि नेपाल सरकार सशर्त अनुदान कार्यक्रम र भगवतीमाई गाउँपालिकाको लागत साझेदारीमा वडा नं. ४ र ५ मा कार्यान्वयन हुने बहुक्षेत्रीय पोषण कार्यक्रम आर्थिक तथा सामाजिक विकास शाखाबाट तयाई भई गाउँपालिका स्तरीय पोषण तथा निर्देशक समितिको मिति २०७७।०३।१४ गतेको बैठकबाट पेश भएको कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो । साथै नेपाल सरकारबाट विशेष अनुदान अन्तर्गत पोषणमैत्री नमुना कार्यक्रमको लागि ~~सम्पत्त~~ प्राप्त रकम रु. ५०००००। वडा नं. १, २, ३, ६ र ७ मा कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :**

यस गाउँपालिकाको आ.व. २०७७।०७८ को वार्षिक कृषि विकास कार्यक्रम कृषि सेवा केन्द्रबाट पेश भएकोमा संशोधन तथा परिमार्जन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :**

यस गाउँपालिकाको आ.व. २०७७।०७८ को वार्षिक पशु विकास कार्यक्रम पशु सेवा केन्द्रबाट पेश भएकोमा संशोधन तथा परिमार्जन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :**

यस भगवतीमाई गाउँपालिकामा चालु आ.व. २०७७।०७८ मा सम्पत्ती कर तथा भूमीकर(मालपोत) प्रणाली कार्यान्वयनको लागि यस गाउँपालिकाभित्रका सम्पत्ती धनीहरुलाई सम्पत्ती विवरण फाराम भर्नको लागि सहजीकरण गर्न कर्मचारी नपुग भएमा १ महिनाको लागि प्रत्येक वडा कार्यालयले एक जना स्वयम सेवक छनौट गरी गाउँ कार्यपालिकाको कार्यालयमा सम्पर्क राख्न पठाउने निर्णय गरियो । साथै कर्मचारी वा स्वयम सेवकहरुलाई खाना खाजा र यातायात खर्च वापत एक महिनाको लागि रु. २००००। उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ५ :**

नेपाल सरकार सशर्त अनुदान कार्यक्रम अन्तर्गत यस भगवतीमाई गाउँपालिकामा आ.व. २०७७।०७८ मा कार्यान्वयन गरिने प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि देहायका योजनाहरु स्वीकृत गर्ने निर्णय गरियो ।

**तपसिल:**

**प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजनाहरु**

| क्र.सं. | योजनाको नाम | स्थान | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | वावितडा -हे.पो. वडा कार्यालय सडक मर्मत | वडा नं. १ | ७२३८०० | |
| २ | भुवाल्न -रानीचौर -ढाँणगाउँ सडक मर्मत | वडा नं. २ | ७७५५०० | |
| ३ | रातामाटा-पुग्या-काकेचौर सडक मर्मत | वडा नं. ३ | ७२३८०० | |
| ४ | घुम्ने-तुर्सु-पोखरा सडक मर्मत | वडा नं. ४ | ७७५५०० | |
| ५ | दाडिम-माईकाथान सडक मर्मत | वडा नं. ५ | ३६१९०० | |
| ६ | थुँवा-सेरा सडक मर्मत | वडा नं. ५ | ३६१९०० | |
| ७ | वावियातडा-चिपिन सडक मर्मत | वडा नं. ६ | ७२३८०० | |
| ८ | वासुधारा-तप्लुङ्ग सडक मर्मत | वडा नं. ७ | ७२३८०० | |
| | जम्मा | | ५१७०००० | |

**निर्णय नं. ६ :**

नेपाल सरकार, युवा तथा खेलकूद मन्त्रालयबाट मिति २०७७।०६।०५ गते स्थानीय तहमा खेलकूद पूर्वाधार निर्माण सम्वन्धी आह्वान गरिएको सूचना बमोजिम यस भगवतीमाई गाउँपालिकाको खेलग्राम ( मिनि स्टेडियम) नेपाल सरकार र गाउँपालिकाको लागत साझेदारीमा निर्माणाधिन अवस्थामा रहेको हुँदा थप पूर्वाधार निर्माणको लागि युवा तथा खेलकूद मन्त्रालयमा प्रस्ताव पेश गर्ने र कुल लागतको ३० प्रतिशत लागत साझेदारी गाउँपालिकाबाट व्यहोर्ने प्रतिवद्धता समेत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ :**

यस गाउँपालिका क्षेत्रभित्र रहेका लोहोरे खोलाको बैतडी खोलादेखी उत्तर जिर्कु पुलसम्म ( भगवतीमाई ७ वडाभैरव तर्फको खण्ड) र कट्टी खोलाको तोकिएको क्षेत्रबाट नदीजन्य पदार्थ उत्खनन तथा संकलन गरी आय संकलन गर्न गाउँ कार्यपालिकाको कार्यालयबाट मिति २०७७।०४।९ गते प्रथम पटक र २०७७।०४।२३ गते दोस्रो पटक ठेक्का वन्दोवस्तको लागि सूचना आह्वान भएको कुनै फर्म वा कम्पनीले ठेक्कामा भाग नलिएको साथै मिति २०७७।०५।०८ गते डाँड बढाबढ सम्वन्धी सूचनामा लोहोरे खोलाको बैतडी खोलादेखी उत्तर जिर्कु पुलसम्म -भगवतीमाई ७ वडाभैरव तर्फको खण्ड)को लागि ठेक्का वन्दोवस्त भएको तर कट्टी खोलाको लागि डाँक बढाबढ प्रक्रियामा समेत कुनै फर्म वा कम्पनीले भाग नलिएको हुँदा सोझै वार्ताको माध्यमबाट रु.१००००० भन्दा कम नघट्ने गरी ठेक्कावन्दोवस्त गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।



Scanned with CamScanner